कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३

च.नं.: 926

मिति: २०८२।०४।११

विषयः जानकारी सम्बन्धमा ।

श्री वडा अध्यक्ष ज्यु
वडा नं. १ देखी १५ सम्म सबै
कोहलपुर नगरपालिका, बाँके

प्रस्तुत विषयमा यस कोहलपुर नगरपालिकामा यस नगरपालिका, लुमन्ति र एन.एम.बी. बैकको सहयोगमा संचालित आवास निर्माण कार्यक्रम बाट न्युन आय भएका नगरपालिकाबासीहरुको लागि न्युन लागतको आवास/घर निर्माण तथा मर्मतका लागि तपसिल अनुसारको ऋण सहयोग हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिल :

१. न्युन लागतमा आवास/घर निर्माण तथा मर्मत गर्न चाहने नगरवासी हरुलाई बढिमा एक ढलान घर सम्मको लागि ऋण सहयोग गर्न सकिने ।

२. कार्यक्रम बाट आवास/घर निर्माण तथा मर्मतका लागि ऋण सहयोग रु ७ लाख सम्मको हुने छ। ऋण भुक्तानि मासिक किस्ताको रुपमा ७ बर्ष भित्र भुक्तानी गर्नु पर्नेछ।

३. व्याजदर वार्षिक ८.५ (आठ दशमलव ५) प्रतिशत (यो व्याजदर ७ बर्ष सम्म बृद्धि हुने छैन भने ऋण लिदा र अग्रिम ऋण भुक्तानी गर्दा ऋणको सेवा शुल्क लाग्ने छैन ।

४. आवश्यक कागजातहरुः

- सम्बन्धीत टोल विकास संस्थाको सिफारिस र सम्बन्धीत वडा कार्यालयको सिफारिस
- सेवाग्राहीको घर निर्माण गर्ने जग्गाको लालपुर्जा, जग्गाको नक्सा र नागरिकताको फोटोकपी
- सेवाग्राहीले नगरपालिका, वडा कार्यालयमा सम्पत्तिकर तिरेको रसिदको फोटोकपि
- टोल विकास संस्था नभएको स्थानमा वडा कार्यालयको सिफारिस भए हुने।

५. कागजात बुझाउने स्थानः कोहलपुर नगरपालिका, आवास खानेपानी तथा सरसफाई कार्यक्रमको सचिवालय, कोहलपुर नगरपालिका

६. सेवाग्राहीहरुले निवेदन दर्ता गर्नुपर्ने मिति २०८२ श्रावन मसान्त सम्म।

७. थप विषय बुझ्नुपरेमा यस कार्यालयका खानेपानी, सरसफाई तथा घुम्ती कोष व्यवस्थापक लाल बहादुर बुढाथोकी (सम्पर्क नं ९८५८०८१०१२) मा सम्पर्क राख्न सकिनेछ

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृ

info.kohalpurmun@gmail.com
www.facebook.com/kohalpurmun
०८१-५४०००९
www.twitter.com/kohalpurmun
www.kohalpurmun.gov.np